# डिपिएस घट्दो भर्ना सल्लाहकार समिति

## बैठक ३/घट्दो भर्ना चुनौतीहरू, मार्च २३, २०२२

| शीर्षक क्षेत्रहरू | नोट तथा लिङ्कहरू |
|---|---|
| **स्वागत र प्रवेश समय (चेकइन)** | सामान्य स्वागत तथा प्रवेश सहित बैठकहरू ४:०० अ. मा सुरु हुन्छन्। भाषिक न्याय अभिमुखीकरण सकिन्छ, र हामी सप्ताहका लागि राम्रो खबरको हलुका प्रवेश द्वारा सुरु गर्छौं। यस हप्ता काम, प्रक्रिया तथा अन्य सरोकारहरूका बारेमा धेरै प्रश्नहरू उब्जिएका थिए, जो यस परियोजनाको क्षेत्रसँग सम्बन्धित वा असम्बन्धित दुवै हुन सक्छन्। हामीले एकै किसिमको काम तथा अन्य कुराहरू गरिरहेको हुन सक्ने एकसाथ विद्यमान समूहहरूका बारेमा प्रश्नहरूका कारण हामीले जोडीमा प्रवेश गर्ने कामलाई छोड्ने निर्णय गर्‍यौं। त्यस्ता बैठकहरू सहभागीहरूले आफ्ना पृष्ठपोषणहरू साझा गर्न सक्ने किसिमका समितिका बैठकहरूको निरन्तरता वा विस्तार भएको स्पष्टीकरण डिपिएस प्रतिनिधिले गरे। समूहहरू कसरी भेट हुन्छन् र जानकारी साझा गर्छन् भन्ने कुरामा अझै पनि केही प्रश्नहरू रहेका छन्। |
| **सफलता र सहमतिहरू** | समितिका सदस्यहरूबाट प्राप्त सुझावहरूद्वारा सफलताको परिभाषा अपडेट गरिएको थियो। हामीले लेखेको कुरा अनुसार जीवनयापन गर्न सक्षम हुने विषयतर्फ बहुमतका लागि सर्वसम्मति परिवर्तन गर्न छलफल/साझा गर्‍यौं। समयको सीमा भएका कारण समूहका सहमतिहरूलाई अन्तिम रूप दिइएन। छलफल नगरिएका वा स्वीकृत नगरिएका प्रस्तावित अपडेटहरू कम थिए। सफलता मार्गदर्शनहरूका लागि सुझावहरू इमेल गरिनेछ र चौथो बैठकका लागि स्वीकृत गरिनेछ। यस समूहले प्रक्रियाको अंश स्वरूप खुला वार्तालापको अपेक्षा गरिरहेको छ। |
| **डेटावाक पुनर्समीक्षा** | डेटावाक तथा उठेका केही प्रश्नहरूबाट प्रतिबिम्बनहरू वरिपरि वार्तालापहरू र मतदान सहजीकरण गरिएको थियो। मतदान मेन्टिमिटर मञ्च प्रयोग गरेर गरिएको थियो र समितिका सदस्यहरूलाई उक्त डेटाका बारेमा प्रतिबिम्बनहरूमाथि सहकार्य गर्न र साझा गर्ने अवसर दिइएको थियो। हामीले छलफल गरेका डेटावाकबाट प्रमुख मुख्य बिन्दुहरूमध्ये केहीमा निम्न सामेल छन्:<br>• **विद्यार्थीहरू कम भएका कारण कुल डिस्ट्रिक्ट फन्डिङ कम भएको छ।** इएसएसइआर फन्डिङ, केयर्स अधिनियम, र सो भविष्यमा कस्तो देखिन्छ भन्ने |

| शीर्षक क्षेत्रहरू | नोट तथा लिङ्कहरू |
|---|---|
| | विषयमा सरोकारहरू रहेका थिए। सम्पत्ति करमा वृद्धि गर्नाले मद्दत गर्छन् वा गर्दैनन्। पुनः, नयाँ चार्टर तथा डिस्ट्रिक्ट सञ्चालित स्कूल खोल्ने।<br>● **साना स्कूलहरूका लागि सुदृढ शैक्षिक कार्यक्रम प्रदान गर्न तथा विद्यार्थीहरूलाई सहयोग गर्न चुनौतीपूर्ण रहेको छ।** एक जना प्रिन्सिपलले आफूहरूले अझै पनि ती कार्यक्रमहरू प्रदान गर्न सक्ने तर नजिकको दूरीमा रहेका स्कूलहरूका लागि उक्त काम चुनौतीपूर्ण हुन सक्ने कुरा साझा गरे। एक माइल टाढा भएका स्कूलका लागि टिएनएलआइ नगुमाउने विषयमा सरोकारहरू रहेका थिए। प्रति विद्यार्थी फन्डिङ र त्यसका प्रभावहरूका बारेमा पनि वार्तालाप भएको थियो।<br>● **केही क्षेत्रहरूले अन्यहरूको तुलनामा बढी वृद्धि र उच्च भर्ना अनुभव गरिरहेका छन्।** केही क्षेत्रहरूमा घट्दो जन्म दर, आवासका खर्चहरूमा वृद्धि आदि जस्ता कारणहरूले डेनभरका थुप्रै समस्याहरूले कमीमा योगदान गरिरहेका छन्। विद्यार्थीहरू डिपिएस छोडेर कहाँ गइरहेका छन् भन्ने विषयमा उत्सुकता रहेको छ। विद्यार्थीहरू गुमाउनुको अर्थ अरूले विद्यार्थीहरू प्राप्त गरिरहेका छन् भन्ने होइन।<br>● **घट्दो भर्नाले थुप्रै चुनौतीहरू सिर्जना गर्छ।** एक जना सदस्यले अतिरिक्त ४२ जना विद्यार्थीहरूले कसरी ३ जना शिक्षकको तलब फन्ड गर्न सक्छ भन्ने कुरा साझा गरे। धेरैलाई थोरै कार्यक्रमहरूले समस्या उब्जाइरहेको लागेको छ। जनसाङ्ख्यिकीमा आधारित रहेर केही सेवाहरू सधैँ प्रदान गर्नु पर्ने हुन्छ किनकि त्यो कानुनले अनिवार्य गरेको हुन्छ। यदि कुनै स्कूल टिएनएलआइका लागि योग्य हुन बन्द हुन्छ भने, सो समुदायको जनसाङ्ख्यिकीको परिवर्तनका कारणले हो। न्यून भर्नाका कारणले चारवटा चार्टर स्कूलहरू बन्द भएका छन्।<br>● **डिपिएस शिक्षा बोर्डले खाली भएका भवनहरू कसरी प्रयोग गर्ने भन्ने विषयमा निर्णयहरू गर्छ।** स्कूलहरू बन्द हुने र प्रतिस्थापनका लागि नयाँ वा चार्टर स्कूलहरू आउने विषयमा सरोकार रहेको छ। बोर्डले खाली भवनहरू कसरी प्रयोग गर्ने भन्ने बारेमा मतदान गर्दछ र समुदायलाई सुझावका लागि अनुरोध गरिरहेको छ। अझै बढी वार्तालापहरू आवश्यक छन्। |
| **प्रमुख हाइलाइटहरू/सरोकारहरू पूरा गर्ने** | ● उक्त समूहका अनुसार, अझै धेरै कुराहरू स्पष्ट पार्न र प्रश्नहरूको जबाफ प्राप्त गर्न बाँकी नै रहेको छ। |

| शीर्षक क्षेत्रहरू | नोट तथा लिङ्कहरू |
|---|---|
| | • एमआइआरओ मञ्चको प्रयोग गर्न वा प्रश्नहरू, टिप्पणीहरू आदि को सम्बोधन गर्ने विषयमा सरोकार रहेको छ। केही सदस्यहरूलाई प्रविधिको समस्या परिरहेको छ वा एमआइआरओ प्रयोग गर्न कठिनाइ भएको छ।<br>• बैठक अगावै खुला रूपमा आदानप्रदान गर्न र सान्दर्भिक जानकारी पठाउनका लागि हामीलाई बढी समय आवश्यक रहेको छ। धेरै महत्त्वपूर्ण वार्तालाप हुन बाँकी नै छ तर पर्याप्त समय नभएको जस्तो लाग्छ।<br>• सो समूहले पछि प्लेब्याक गर्नका लागि बैठकहरू रेकर्ड गर्न तथा सम्भावित रूपमा बैठकहरू लम्ब्याउन वा कुनै अतिरिक्त बैठक थप गर्न सुझाव दिएको छ।<br>• मार्गदर्शनहरूले डिपिएस सहमति आदेश जस्तो पूर्व स्थापित मापदण्डको सम्मान गर्छन् वा गर्दैनन् भन्ने विषयमा सरोकारहरू रहेका छन्।<br>• के भर्ना जोनहरू तालिकामा छन्?<br>• उक्त स्थानमा निष्पक्षतकाको र केही आवाजहरू अन्यभन्दा बढी साह्रो भएको प्रश्न छ। पुनः, वार्तालाप तथा प्रक्रिया हुन दिनका लागि उक्त स्थान सुरक्षित रहेको विषयमा सरोकार रहेको छ।<br>• अनुवाद उठाउनका लागि एजेन्डामा साभिप्राय अल्पविश्राम |
| **आगामी कदमहरू** | • डिपिएससँगको सहजीकरणका रूपमा केही उच्च-तहका सरोकारहरू सम्बोधन गर्ने<br>• समुदायका सदस्यहरूका लागि एउटा एफएक्यु प्रलेख तयार पार्ने<br>• खुला साझा मञ्च समयका लागि योजना<br>• आगामी बैठकका लागि समितिसँग गृहकार्य निर्माण गरि साझा गर्ने<br>• मापदण्ड निर्माण गर्नका लागि मार्गनिर्देशन सिद्धान्तहरू छलफल गर्ने |